निर्णय नं. १

स्थानीय तह संस्थागत क्षमता स्वःमुल्याङ्कन (**LISA**) सम्बन्धमा यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वःमुल्याङ्कन (**LISA**) मा अनलाईन सफ्टवेयर मार्फत् प्राप्त देहाय बमोजिमको शिर्षगत प्रारम्भिक नतिजा प्राप्त भएकोमा सोही अनुसार प्राप्त नतिजालाई यस बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

नतिजाको समग्र विवरण

| सि.नं. | स्वःमुल्याङ्कनका क्षेत्रहरु | प्राप्ताङ्क (स्कोर प्रतिशत) |
|---|---|---|
| १. | शासकीय प्रवन्ध | ८८.८९% |
| २. | संगठन तथा प्रशासन | १००% |
| ३. | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ९५.४५% |
| ४. | वित्तीय एवं आर्थिक व्यवस्थापन | १००% |
| ५. | सेवा प्रवाह | १००% |
| ६. | न्यायिक कार्यसम्पादन | १००% |
| ७. | भौतिक पूर्वाधार | ९२.३१% |
| ८. | सामाजिक समावेशीकरण | १००% |
| ९. | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ८३.३३% |
| १०. | सहकार्य र समन्वय | १००% |
| जम्मा स्कोर प्रतिशत (प्राप्ताङ्क) | | ९६% |

निर्णय नं. २

स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कन (**FRA**) सम्बन्धमा यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कन (**FRA**) मा अनलाईन सफ्टवेयर मार्फत् प्राप्त देहाय बमोजिमको शिर्षगत नतिजा प्राप्त भएकोमा सोही अनुसार प्राप्त नतिजालाई यस बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

नतिजाको समग्र विवरण

पूर्णाङ्क : १०० प्राप्ताङ्क : ९३.५

| सि.नं. | मुल्याङ्कनका विषय क्षेत्रहरु | प्राप्ताङ्क (स्कोर प्रतिशत) |
|---|---|---|
| १ | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | १००% |
| २ | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | ९८.२८% |
| ३ | लेखाङ्कन तथा प्रतिवेदन | ९४.१२% |
| ४ | अनुगमन, मुल्याङ्कन तथा लेखा परीक्षण | ८४.३८% |
| ५ | राजश्व व्यवस्थापन | ८५.२९% |
| जम्मा प्राप्ताङ्क (स्कोर प्रतिशत) | | ९३.५% |

निर्णय नं. ३

चौतारा साँगाचोकगढी नगरपालिकाको विभिन्न वडाहरुमा वडा स्तरीय सडक सरसफाई गरिएकोमा २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण सरसफाई गरिएको उक्त सडकमा पुन: क्षति भई सडक अवरुद्ध भएको सन्दर्भमा नगरपालिकाको मिति २०८१ मंसिर ०६ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय नं. २४ बमोजिम विभिन्न वडाहरुमा २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण अवरुद्ध बाटो सरसफाई शिर्षकमा विनियोजित बजेटबाट क्षति हुनु भन्दा अगाडी संचालन गरिएको सडक सरसफाई कार्यक्रम सम्पन्न वापतको रकम उक्त शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ४

चौतारा साँगाचोकगढी नगरपालिकाको १६ औं नगर सभाबाट पारित वार्षिक नगर विकास योजनाको पशु सेवा तर्फको समुह मार्फत् पशु पालन कार्यक्रम संचालन शिर्षकको बजेटबाट नगरपालिका वडा नं. १३ स्थित आलोपालो अग्रसर कृषि तथा पशुपालन कृषक समुह र आलोपालो कृषि तथा पशुपालन कृषक समुहलाई ७० प्रतिशत रकम नगरपालिकाबाट र ३० प्रतिशत रकम सम्बन्धित कृषक समुहबाट साझेदारी हुने गरी उक्त समुह मार्फत् बाखापालन कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

| क्र.सं. | समुहको नाम | ठेगाना | नगरपालिकाबाट व्यहोर्ने (७० प्रतिशत) | सम्बन्धित कृषक समुहबाट व्यहोर्ने (३० प्रतिशत) | जम्मा |
|---|---|---|---|---|---|
| १. | आलोपालो अग्रसर कृषि तथा पशुपालन कृषक समुह | चौ.सा.गढी.-१३, सिन्धुपाल्चोक | ७००००० | ३००००० | १०००००० |
| २. | आलोपालो कृषि तथा पशुपालन कृषक समुह | चौ.सा.गढी.-१३, सिन्धुपाल्चोक | ७००००० | ३००००० | १०००००० |

निर्णय नं. ५

प्रादेशिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद् हेटौंडा, मकवानपुरको मिति २०८१/१०/०२ गते प्रकाशित सूचना अनुसार बागमती प्रदेश सरकारको ६० प्रतिशत र स्थानीय तहको ४० प्रतिशत लागत साझेदारीमा छोटो अवधिको सीपमूक तालिम कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान भएको र सोही बमोजिम यस नगरपालिका कार्यालयबाट प्रस्ताव पेश गरिएकोमा उक्त परिषद्को च.नं.२८८, मिति २०८१/१०/१५ गतेको पत्रानुसार साझेदारीमा कार्यक्रम संचालन गर्न सम्झौताको लागि लेखि आएको सन्दर्भमा चौतारा साँगाचोकगढी नगरपालिका भित्र बागमती प्रदेश सरकारको ६० प्रतिशत र यस नगरपालिकाको ४० प्रतिशत लागत साझेदारी रहने गरी नगरपालिका भित्र छोटो अवधिको सीपमुलक तालिम कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि सम्झौता गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

वडा नं. ९ कार्यालयको च.नं. ४६८, मिति २०८१/१०/१० को पत्रानुसार आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत वडा नं. ९ को योजना तथा कार्यक्रम एवं बजेट मध्ये तपशिलका योजना तथा कार्यक्रम एवं बजेट संसोधनका लागि पेश हुन आएकोमा उक्त संसोधन स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | साविकको योजना/संसोधन हुनु भन्दा अगाडीको शिर्षक | साविकको विनियोजित बजेट | हालको योजना/संसोधन गरिएको योजना शिर्षक | हाल विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | माख्लो गाउँ प्रतिक्षालय, सिरानचौर | १००००० | च्यानडाँडा आहालडाँडा लेक सडक | १००००० |
| २. | भैंसे खानेपानी | ३००००० | जितपुर कोदारी सडक मर्मत | ३००००० |

**निर्णय नं. ७**

सिन्धुपाल्चोक जिल्ला यस चौतारा साँगाचोकगढी नगरपालिका स्थायी ठेगाना भई नगरपालिका स्तरीय खेलकुद प्रतियोगिता, जिल्ला स्तरीय खेलकुद प्रतियोगिता, प्रदेश स्तरीय खेलकुद प्रतियोगिता तथा राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागी हुने खेलाडीहरुको निःशुल्क स्वास्थ्य वीमा गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

गृहणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत बागमती प्रदेश सरकारबाट प्राप्त भएको बजेट र नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने बजेटबाट चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ५ स्थित पुरानो बजारमा नेवारी सँस्कृति प्रवर्दन हुने गरी होम स्टे संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

चौतारा साँगाचोकगढी नगरपालिकाको १६ औं नगर सभाबाट पारित वार्षिक नगर विकास योजनाको महिला तर्फको पार्लर व्यवसायी महिलाहरुलाई एडभान्स ब्युटिपार्लर तालिम संचालन गर्ने प्रयोजनका लागि रु. ४,००,०००।- (चार लाख) बजेट विनियोजन भएकोमा नगरपालिकाको विभिन्न वडामा उक्त तालिम संचालन गर्न जिल्ला लघु उद्यमी संघ, सिन्धुपाल्चोकसँग सम्झौता कार्यको प्रकृया अगाडी बढाउन नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. १०**

चौतारा साँगाचोकगढी नगरपालिकाको १६ औं नगर सभाबाट पारित वार्षिक नगर विकास योजनाको अनुसूची १० मा रहेको आ.व. २०८०/०८१ मा कार्य सम्पन्न भई भुक्तानी हुन बाँकी रहेका वडा नं. ११ को वडा विकास समिति, नर्सरीद्वारा संचालन गरिएको ९ वटा योजनाहरुको भुक्तानी हुन बाँकी रहेको रकम भुक्तानी गर्न नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. ११

यस चौतारा साँगाचोकगढी नगरपालिकाको १६ औं नगर सभाबाट पारित आ.व. ०८१/८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत भएका योजना/कार्यक्रमहरु मध्ये आवश्यकताको आधारमा योजना/कार्यक्रम संसोधन तथा बजेट रकमान्तरका लागि नगरपालिका कार्यालयबाट पेश हुन आएका देहाय बमोजिमका योजना तथा कार्यक्रम एवं बजेट संसोधन/रकमान्तर गर्ने निर्णय गरियो।

| सि. नं. | साविकको योजना/ संसोधन/रकमान्तर हुनु अघिको शिर्षक | विनियोजित रकम | सि.नं. | हालको योजना/संसोधन/रकमान्तर पछिको शिर्षक | विनियोजित रकम |
|---|---|---|---|---|---|
| १. | साहीथोक सडक, वडा नं. ११ | ५००००० | १. | जामुने सिंचाइ पोखरी निर्माण, वडा नं. ११ | ५००००० |
| २. | अंक र वशंको कार्यान्वयनमा देखिएका असमानता तथा विभेद विरुद्धको साझा अभियान कार्यक्रम | ४००००० | २. | नगर सभाका सदस्यहरुको लागि न्यायिक समितिको अवधारणा र कार्यान्वयनको सवालमा अभिमुखीकरण कार्यक्रम | १००००० |
| | | | ३. | लैङ्गिक असमानता, जातिय विभेदको अन्त्य र समावेशी सहभागिता सुनिश्चितताको लागि साझा अभियान कार्यक्रम | २००००० |
| | | | ४. | शैक्षिक संस्थामा न्यायिक अन्तरक्रिया कार्यक्रम | १००००० |
| ३. | न्यायिक समितिको गतिविधि तथा प्रशारण कार्यक्रम | ३००००० | ५. | न्यायिक समितिका गतिविधि संकलन, लेखन तथा प्रकाशन | २००००० |
| | | | ६. | समुदायस्तरमा न्यायिक संवाद कार्यक्रम | १००००० |
| ४. | जनजाति समुदायको धिमे वाजा प्रशिक्षण कार्यक्रम, वडा नं. १२ | २००००० | ७. | नेवारी समुदायको सँस्कृति संरक्षणको लागि धिमे बाजाको सामाग्री खरिद | २००००० |
| ५. | सरसफाई र स्वच्छताको लागि युवा अभियान सार्वजनिक स्थल, पाटी, पौवा, मठमन्दिर लगायतका स्थानमा विश्व वातावरण दिवस, विश्व खानेपानी दिवस र अन्य दिवसीय कार्यक्रममा सरसफाई सप्ताह संचालन | ३००००० | ८. | नगरपालिकास्तर र वडास्तरमा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको भेला तथा अभिमुखीकरण कार्यक्रम | ३००००० |

निर्णय नं. १२

नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको मिति २०८१/१०/१६ गते प्रकाशित प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८२/०८३ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान भएकोमा यस चौतारा साँगाचोकगढी नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को लागि यस नगरपालिकाबाट देहाय बमोजिमका योजनाहरु प्रस्ताव गरी लागत स्टीमेट समेत तयार गरी तोकिएको समय सिमा भित्र नगर कार्यपालिकाको कार्यालयबाट राष्ट्रिय योजना आयोग सिंहदरवार, काठमाडौंको अनलाईन प्रणाली www.csgrants.gov.np मा प्रविष्टि गरी पठाउने निर्णय गरियो।

(क) संघीय सरकारसँगको संघ समपुरक कार्यक्रम:

| सि.नं. | योजनाको नाम | ठेगाना | नगरपालिकाबाट व्यहोर्ने बजेट | संघमा प्रस्ताव गरिएको समपुरक बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| १. | चागुलेटोल बाँसपाटी सिम्ले ठुलाखेत आफर बरको बोट कृषि सडक | चौ.सा.गढी.न.पा.-०४, सिन्धुपाल्चोक | १७९९४६७८.०० | ११९९६४५२.०० | २९९९११३०.०० |
| २. | टुनिबोटे खत्रीथोक साँगाचोक कृषि सडक | चौ.सा.गढी.न.पा.-१०, सिन्धुपाल्चोक | १८००३६१६.३९ | १२००२४१०.९२ | ३०००६०२७.३१ |
| ३. | खहरेखोला भिमटार माझी बस्ती सिंचाई कुलो निर्माण | चौ.सा.गढी.न.पा.-११, सिन्धुपाल्चोक | १७७७६७९४.९२ | ११८५११९६.६१ | २९६२७९९१.५३ |
| जम्मा | | | ५३७७५०८९.३० | ३५८५००५९.५४ | ८९६२५१४८.८४ |

(ख) संघीय सरकारसँगको विशेष अनुदान कार्यक्रम:

| सि.नं. | योजनाको नाम | ठेगाना | संघमा प्रस्ताव गरिएको विशेष अनुदान रकम |
|---|---|---|---|
| १. | रोक्काटोल लिफ्ट खानेपानी योजना (सार्कीगाउँ क्रमागत) | चौ.सा.गढी.न.पा.-१३, सिन्धुपाल्चोक | २९८२९१०४.७८ |
| २. | डडुवा तीनखोला दोभान हाँडीखोला लिफ्ट खानेपानी योजना | चौ.सा.गढी. न.पा.-१४, सिन्धुपाल्चोक | २९९०४७०३.७२ |
| ३. | माझीवस्ती खानेपानी योजना | चौ.सा.गढी.न.पा.-११, सिन्धुपाल्चोक | २५६८९४७६.४५ |
| जम्मा | | | ८५४२३२८४.९५ |

निर्णय नं. १३

चौतारा साँगाचोकगढी नगरपालिकाको १६ औं नगर सभाबाट पारित आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत शिक्षा, युवा तथा खेलकुद तर्फ सि.नं. ७३ को वालविकास कक्षा व्यवस्थापन अनुदान शिर्षकमा विनियोजन भएको बजेट रु. १५,००,०००।- (पन्ध्र लाख) र नगरपालिकाको १७ औं नगर सभाको निर्णय नं. २६ को सि.नं. ११० मा वालविकास कक्षा व्यवस्थापन अनुदान शिर्षकमा विनियोजित रु. ८,००,०००।- (आठ लाख) गरी उक्त शिर्षकमा विनियोजित एकमुषठ रकम रु. २३,००,०००।- (तेइस लाख) बाट खर्च व्यहोर्ने गरी नगरपालिका भित्र वाल विकास कक्षा व्यवस्थापन अनुदान कार्यक्रम जनहित ग्रामिण सेवा समिति, सिन्धुपाल्चोकद्वारा संचालन गर्ने प्रकृया अगाडी बढाउन नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. १४

यस चौतारा साँगाचोकगढी नगरपालिकाको १६ औं नगर सभाबाट पारित आ.व. ०८१/८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत आन्तरिक स्रोतबाट प्रदेशमा जाने ४० प्रतिशत शिर्षकमा विनियोजन भएको बजेटबाट नेपाल पत्रकार महासंघ, जिल्ला शाखा, सिन्धुपाल्चोकलाई देहाय बमोजिम अनुदान उपलब्ध गराउने निर्णय गरियो।

तपशिल

| क्र.सं. | योजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १. | नेपाल पत्रकार महासंघ, जिल्ला शाखा, सिन्धुपाल्चोक अनुदान | ५,००,००० |

निर्णय नं. १५

यस चौतारा साँगाचोकगढी नगरपालिकाको १६ औं नगर सभाबाट पारित आ.व. ०८१/८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत भएका योजना/कार्यक्रमहरु मध्ये आवश्यकताको आधारमा योजना/कार्यक्रम संसोधन तथा वजेट रकमान्तरका लागि नगरपालिका कार्यालयबाट पेश हुन आएका देहाय बमोजिमका योजना तथा कार्यक्रम एवं बजेट संसोधन/रकमान्तर गर्ने निर्णय गरियो।

| सि. नं. | साविकको योजना/ संसोधन/रकमान्तर हुनु अघिको शिर्षक | विनियोजित रकम | सि.नं. | हालको योजना/संसोधन/रकमान्तर पछिको शिर्षक | विनियोजित रकम |
|---|---|---|---|---|---|
| १. | आय आर्जन तथा सीप विकासको लाग ऊनीको सामाग्री स्वीटर, टोपी, गलबन्दी, झोला लगायतका सामाग्रीहरु बुनाई कार्यक्रम, वडँ नं. ७ | १००००० | १. | दलित महिलाहरुको आय आर्जन तथा सीप विकास कार्यक्रम (वडा नं. ७) | १००००० |